# स्मार्ट क्लासरूम परियोजना

## (Smart Classroom Project)

# विद्यालय छनौट निर्देशिका

मई २०१९

## पृष्ठभूमि :

केही वर्ष यता नेपाल जस्ता विकासोन्मुख देशहरूको शिक्षाको गुणस्तर अभिवृद्धिलाई प्रमुख रणनीतिका रूपमा लिदै शिक्षामा सूचना प्रविधिको प्रयोग गरी शिक्षाको गुणस्तर उकास्ने उद्देश्यले शिक्षामा सूचना प्रविधि सम्बन्धी विभिन्न कार्यक्रमहरू संचालन हुँदै आइरहेका छन् । सोही आवश्यकतालाई मध्यनजर गर्दै गुड नेवर्स इन्टरनेशनल नेपालले आफ्ना साझेदार संस्थाहरूको सहकार्य तथा नेपाल सरकार र विद्यालयहरूको समन्वयमा स्मार्ट क्लासरुमा परियोजना शुरू गरेको छ । यस परियोजनाको मुख्य उद्देश्य शिक्षामा सूचना, संचार तथा प्रविधिको प्रयोग गर्दै शिक्षामा बालबालिकाहरूको पहुँच तथा गुणस्तर बृद्धि गर्नु हो ।

यो परियोजना प्रथम चरणमा सन् २०१७/२०१८ मा कास्की र पर्वत जिल्लाका २४ वटा सामुदायिक विद्यालयहरूमा कार्यान्वयन गरिएको थियो । कास्की र पर्वत जिल्लाहरू संचालित स्मार्ट क्लासरुम परियोजनाबाट प्राप्त सकारात्मक परिणामहरूलाई अध्ययन गरी उक्त परियोजनाको क्षेत्रलाई विस्तार गर्ने सोचका साथ संस्थाले सन् २०१९ देखि गोरखा, बर्दिया, डोटी, दार्चुला र बाजुरा जिल्लाहरूका केही सामुदायिक विद्यालयहरूमा स्मार्ट क्लासरुम परियोजनालाई लागू गर्ने लक्ष्य लिएको छ । सोही अनुरुप यी पाँच जिल्लाका सामुदायिक विद्यालयहरूको छनौट प्रक्रिया अघि बढेको छ । यो निर्देशिका परियोजना संचालनका निम्ति विद्यालयहरू छनौटमा मार्गनिर्देश प्रदान गरी विद्यालय छनौट प्रक्रियालाई सरल, सहज र पारदर्शी बनाउने अपेक्षाका साथ तयार पारिएको हो ।

## उद्देश्य :

स्मार्ट क्लासरुम परियोजना संचालनका लागि पाँच जिल्लाका विद्यालयहरूको छनौट प्रक्रियालाई मार्गनिर्देश प्रदान गरी छनौट प्रक्रिया सरल, सहज तथ पारदर्शी बनाउन यस निर्देशिकाको मुख्य उद्देश्य रहेको छ ।

## स्मार्ट क्लासरुम परियोजना संचालन प्रक्रिया

स्मार्ट क्लासरुम परियोजना अन्तर्गतका क्रियाकलापहरू तल उल्लेखित प्रक्रिया अनुसार संचालन हुनेछन् :

- विद्यालय छनौटका लागि प्रस्तावना आह्वान
- प्रस्तावनाको अध्ययन, विश्लेषण र मूल्याङ्कन
- विद्यालय छनौट
- कार्यक्रम संचालन तथा कार्यान्वयका निम्ति स्थानीय सरकार, जिल्लास्थित साझेदार संस्था तथा सम्बन्धित विद्यालय बीच सम्झौता तथा साझेदारीको लागि प्रतिवद्धता

- स्मार्ट क्लासरुम परियोजना अन्तर्गतका क्रियाकलापहरूको (कक्षाकोठा व्यवस्थापन, सामग्री/उपकरणहरूको सहयोग, सामग्री निर्माण, शिक्षक तालिम, समुदाय परिचालन र पैरवी आदि) संचालन
- अनुगमन तथा मूल्याङ्कन

## विद्यालय छनौटका मापदण्ड/सूचकहरू

स्मार्ट क्लासरुम परियोजनाका लागि विद्यालय छनौट गर्दा निम्नानुसारका मापदण्ड र सूचकहरूमा रही प्रस्तावना मूल्याङ्कन गरिनेछ ।

१. छनौट गरिने विद्यालय गुड नेवर्स इन्टरनेशनल नेपालको सामुदायिक विकास परियोजना संचालन भएको क्षेत्र भित्र हुनुपर्दछ ।

२. छनौट गरिने विद्यालय स्पोन्सर बालबालिकाहरू अध्ययनरत विद्यालय हुनुपर्दछ ।

३. छनौट गरिने विद्यालय आधारभूत तह (कक्षा १-८) अथवा माध्यमिक तह (कक्षा १-१०/१२) को हुनुपर्ने छ ।

४. विद्यार्थी संख्या आधारभूत तह तथा माध्यमिक तहमा फरक हुनेछ । यहाँ विद्यार्थी संख्या भन्नाले कक्षा वा तहको विद्यार्थी संख्या भन्ने बुझ्नुपर्दछ । छनौट हुने विद्यालयमा न्यूनत्तम पनि निम्नानुसारको विद्यार्थी संख्या हुनुपर्ने छ ।

| क्र.सं. | तह | विद्यार्थी संख्या (कम्तिमा) | कैफियत |
|---|---|---|---|
| १. | १-८ | ८० | |
| २. | १-१० | १५० | |
| ३. | ६-१० | १०० | |
| ४. | १-१२ | २०० | |

५. कम्प्युटर ल्याब : स्मार्ट क्लासरुम परियोजना संचालनका लागि छनौट गरिने विद्यालयमा सुचारु अवस्थामा रहेका कम्प्युटर सहितको छुट्टै कक्षाकोठाको व्यवस्थापन भएको विद्यालय हुनुपर्ने छ ।

६. कम्प्युटर शिक्षक : छनौट हुने विद्यालयमा कम्प्युटर सम्बन्धी राम्रो ज्ञान र सीपयुक्त छुट्टै शिक्षक नियुक्त भएको हुनुपर्ने छ ।

७. विद्युत आपूर्ति : छनौट गरिने विद्यालय विद्युतको राष्ट्रिय प्रसारण वा स्थानीय विद्युत प्रसारण लाइनसँग अनिवार्य रूपले जोडिएको हुनुपर्ने र विशेष गरी दिवा समयमा विद्युतको सहज उपलब्धता हुनुपर्ने छ ।

८. इन्टरनेट सुविधाको उपलब्धता : स्मार्ट क्लासरुम परियोजना संचालनका निम्ति छनौट गरिने विद्यालयले इन्टरनेट जडान नगरेको भएता पनि सो विद्यालय रहेको क्षेत्रमा इन्टरनेट सेवा उपलब्ध भएको हुनुपर्ने छ ।

९. विद्यार्थीको सिकाइ उपलब्धी वा नतिजा : छनौट हुने विद्यालयको विद्यार्थीले विगत २ वर्ष यता तहगत तथा मुख्य विषयहरूमा (नेपाली, अंग्रेजी, गणित तथा विज्ञान) जिल्लाको औसत सरह वा औसतभन्दा राम्रो नतिजा ल्याएको हुनुपर्ने छ । यसका साथसाथै एस.ई.ई. परीक्षाको नतिजा समेत जिल्लाको औसतभन्दा बढी हुनुपर्ने छ ।

१०. सूचना तथा संचारको प्रयोग सम्बन्धी योजना : स्मार्ट क्लासरुम परियोजनाका लागि छनौट गरिने विद्यालयको विद्यालय सुधार योजनामा (एस.आई.पी.) शिक्षामा सूचना प्रविधिको प्रयोग सम्बन्धी योजना प्रष्ट तथा अनिवार्य रूपमा उल्लेख भएको हुनुपर्ने छ ।

११. सक्रिय तथा प्रतिवद्ध विद्यालय व्यवस्थापन समिति : परियोजनाका लागि छनौट हुने विद्यालयमा सक्रिय तथा प्रतिवद्ध विद्यालय व्यवस्थापन समिति हुनुपर्ने छ । समितिले निरन्तर रूपमा बैठक संचालन तथा छलफल गरी विद्यालयको राम्रो व्यवस्थापन र शिक्षाको गुणस्तर सुधारका लागि निर्णयहरू गरेको हुनुपर्ने छ ।

१२. छनौट गरिने विद्यालय अनिवार्य रूपमा भौगोलिक तथा सामाजिक तवरले सुरक्षित स्थानमा भएको हुनुपर्ने छ अर्थात हुन सक्ने सम्भावित जोखिमहरू जस्तै बाढी, पहिरो, भूक्षय आदिबाट टाढा रहेको हुनुपर्ने छ ।

## प्रस्तावना आह्वान तथा विद्यालय छनौटका चरणहरू

१) सम्बन्धित जिल्लाका गुड नेवर्स इन्टरनेशनल नेपालका साझेदार संस्थाहरूबाट प्रस्तावनाका निम्ति विद्यालयहरूलाई आह्वान गरिनेछ । माथि उल्लेखित शर्त पूरा भएका सम्पूर्ण इच्छुक आधारभूत (१-८) तथा माध्यमिक (१-१०/१२) विद्यालयहरूले प्रस्तावना बुझाउनुपर्ने अन्तिम मिति भित्र सम्पूर्ण कागजात सहित स्मार्ट क्लासरुम परियोजना संचालन सम्बन्धी आ-आफ्नो विद्यालयको प्रस्तावना सम्बन्धित कार्यालय अथवा कार्यालयले तोकेको स्थानमा बुझाउनुपर्ने छ ।

२) माथि उल्लेखित शर्तहरूको आधारमा रही सम्बन्धित जिल्लाका गुड नेवर्स इन्टरनेशनल नेपालका साझेदार संस्थाद्वारा स्थानीय सरकारी निकायसँगको समन्वयमा प्रस्ताव पेश गर्ने विद्यालयहरू मध्येबाट स्मार्ट क्लासरुम परियोजना संचालितका लागि पहिलो चरणमा विद्यालयहरूको छोटो सूची तयार पारिनेछ । प्रस्तावना सहित पेश गरिएका सम्पूर्ण कागजात र तयार पारिएको छोटो सूची गुड नेवर्स इन्टरनेशनल नेपालको जिल्ला कार्यालय मार्फत केन्द्रिय कार्यालयमा पेश गरिनेछ ।

३) स्मार्ट क्लासरुम परियोजना संचालनका लागि छोटो सूचीमा पर्न सफल विद्यालयहरूको कागजात गुड नेवर्स इन्टरनेशनल नेपालको केन्द्रिय कार्यालयद्वारा प्रमाणीकरण गरी अन्तिम (छनौट) सूचीको लागि गुड नेवर्स इन्टरनेशनल नेपालको जिल्ला कार्यालय मार्फत सम्बन्धित साझेदार संस्थालाई निर्देशन गरिनेछ ।

४) स्मार्ट क्लासरुम परियोजना संचालनका लागि अन्तिम सूचीमा परेका विद्यालयहरूको नामावली गुड नेवर्स इन्टरनेशनल नेपालको सम्बन्धित जिल्लाको साझेदार संस्थाद्वारा स्थानीय सरकारी निकायलाई प्रदान गरिनुका साथै सम्बन्धित विद्यालयहरूलाई समेत सूचित गरिनेछ ।

५) स्मार्ट क्लासरुम परियोजना संचालन गर्नु पूर्व कार्यक्रम संचालनका सम्बन्धमा निर्वाह गर्नुपर्ने स्पष्ट भूमिका तथा साभेदारीमा प्रतिवद्धता सहितको सम्झौता  गुड नेवर्स इन्टरनेशनल नेपालको सम्बन्धित जिल्लाको साझेदार संस्था, स्थानीय सरकारी निकाय तथा कार्यक्रम संचालन हुने विद्यालयसँगको बीच गरिनेछ ।

- स्मार्ट क्लासरुम क्रियाकलापहरू संचालन
- अनुगमन तथा मूल्याङ्कन
- प्रतिवेदन

*नोट : प्रस्तावना बुझाउने विद्यालयहरूले यदि माथि उल्लेखित पूरा गर्नुपर्ने शर्तहरू मध्ये कुनै एक वा सोभन्दा बढी शर्त पूरा गर्न नसके त्यस्ता विद्यालयहरू स्वत: विद्यालय छनौट प्रक्रियाबाट बाहिरिने छन् ।*